महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

## महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यू समक्ष पेश

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम **"महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, २०७८"** राष्ट्रपति भवन, शीतल निवासमा आयोजित एक कार्यक्रमका बीच पेश गर्नुभएको छ।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण पश्चात तयार भएको **"महालेखापरीक्षकको अन्ठाउन्नौ वार्षिक प्रतिवेदन, २०७८"** पेश गरेकोमा महालेखापरीक्षकज्यू र लेखापरीक्षणमा संलग्न कार्यालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । उपलब्ध सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक उपयोग, प्रभावकारी परिचालन, खर्चमा मितव्ययिता, पूर्वाधार निर्माण, परियोजना छनोट तथा कार्यान्वयन, ठेक्का व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धन लगायत सार्वजनिक चासो र सरोकारका विषयमा प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्नुभएको थियो । साथै, सम्माननीय राष्ट्रपतिज्यूले प्रतिवेदनमा उल्लेखित सकारात्मक पक्षलाई सरोकारवाला निकायले ग्रहण गरेमा समग्र वित्तिय अनुशासन कायम हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो । प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका विधि र प्रक्रियाका बारेमा उल्लेख गर्दै प्रतिवेदनले मुख्यतः बजेट व्यवस्थापन, बैदेशिक सहायता, राजश्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तीको उपयोग र संरक्षण, सूचना प्रविधिको उपयोग अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखांकन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं अन्तिम लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश सरकारको वित्तिय व्यवस्थापन, स्थानीय तहको वित्तिय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, कोभिड १९ लगायतका महामारी एवं विपद व्यवस्थापन, मानवीय तथा जनशक्ति व्यवस्थापन र दिगो विकास लक्ष्यसँग सम्बन्धित

विषयमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्यांकन परीक्षण गरी देखिएका व्यहोराको आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभएको थियो ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष सूचना प्रविधिको प्रयोग गरी भर्चुअल माध्यमबाट पेश गरिएको छ । त्यसैगरी, यस वर्ष ७५३ स्थानीय तहमध्ये आर्थिक वर्ष २०७५।७६ को बक्यौता रहेका ५ सहित ६९९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरिएको छ । कोभिड महामारी एवं सिमित जनशक्तिका कारण यस वर्ष संघ, प्रदेश र स्थानीय तह समेत १३३ लेखापरीक्षण ईकाईको लेखापरीक्षण बक्यौता रहेको छ । यस वर्ष र गत वर्ष समेत गरी स्थानीय तह ६९९ को लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् ।

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदनमा समावेश ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ ।त्यस्तै, कोभिड–१९ को वारेमा विशेष लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गरिएको छ । साथै, सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी छुट्टै "**महालेखापरीक्षकको अन्ठाउन्नौ वार्षिक प्रतिवेदन, २०७८ सारांश**" समेत तयार पारिएको छ ।

महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन, प्रतिवेदनको सारांश, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनहरु कार्यालयको वेवसाइट **https://oag.gov.np/** हेर्न र डाउनलोड गर्न सकिनेछ ।

**२०७८ भाद्र ४, शुक्रवार**

महेश्वर काफ्ले
**प्रवक्ता/नायव महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# सम्माननीय राष्ट्रपतिज्यू समक्ष माननीय महालेखापरीक्षकज्यूबाट २०७८।५।४ मा पेश गर्नुभएको महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन सम्बन्धमा जारी गरिएको प्रेस नोट

## समग्र तथा सङ्घीय सरकारतर्फ

१. **लेखापरीक्षण** - कार्यालयबाट यो वर्ष ५ हजार ४६२ निकायको रु.५३ खर्ब २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिएको निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रु.करोडमा)

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम | बेरुजू | बेरुजू प्रतिशत |
|---|---|---|---|---|
| (क) वित्तीय तथा पालनाको लेखापरीक्षण | ५४६२ | ५३२७९१ | १०४३८ | - |
| १. संघीय मन्त्रालय तथा निकाय | ३०७९ | १५५५८१ | ४४३९ | २.८६ |
| २. प्रदेश मन्त्रालय तथा निकाय | १०१९ | २३७४१ | ६५० | २.७४ |
| ३. स्थानीय तह बक्यौता ५ समेत | ६९९ | ८१५९९ | ४०८३ | ५.०० |
| ४. समिति र अन्य संस्था | ५८४ | १६३५७ | १२६६ | ७.७४ |
| ५. संगठित संस्था | ८१ | २५५५१३ | -* | - |
| (ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण | | - | - | - |
| जम्मा | ५४६२ | ५३२७९१ | १०४३८ | - |

***द्रष्टव्यः** संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

१.१ यो वर्ष ३ हजार ७९ संघीय सरकारी निकायको विनियोजन र राजस्व र धरौटी र अन्यतर्फ रु.१५ खर्ब ५५ अर्ब ८१ करोड, सात प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १९ निकायको रु.२ खर्ब ३७ अर्ब ४१ करोड र महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २६२ र गाउँपालिका ४२० समेत ६९९ (५ को बक्यौता समेत) स्थानीय तहको रु. ८ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षण गरिएको छ ।

१.२ यो वर्ष ५८४ समिति र अन्य संस्था (प्रदेश समेत) को रु.१ खर्ब ६३ अर्ब ५७ करोड, संगठित संस्थातर्फ ८१ इकाईको रु.२५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ ।

१.३ यो वर्ष ३३ संस्थाको (३६ आर्थिक बर्षको) रु.११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्न परामर्श दिइएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

१.४ यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको सूचना प्रविधि, १ विषयको वातावरणीय र **कोभिड- १९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन** विषयको विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१.५ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९३१ इकाईको रु.३ अर्ब ६८ करोड २८ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनै पनि निकायले लेखापरीक्षण गराएका छैनन् । यो वर्ष रु.१२ अर्ब ५ करोड ९६ लाख थप भई रु.१५ अर्ब ७४ करोड २४ लाख बाँकी रहेको छ। प्रदेश मन्त्रालय तथा निकाय तर्फ गत वर्षको रु.१ अर्ब ५ करोड ८५ लाख बक्यौता मध्ये रु.१ अर्ब ४ करोड ४ लाख लेखापरीक्षण भै यो बर्षको थप रु.२ अर्ब ४३ करोड ३० लाख समेत बाँकी रु.२ अर्ब ४५ करोड ११ लाख बाँकी छ । स्थानीय तह तर्फ गत वर्षसम्म १६ तहको आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा ५ को लेखापरीक्षण भइ यो वर्ष थप ५९ समेत ७० को लेखापरीक्षण बाँकी रहेको छ।

२. **बेरुजू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

बेरुजूलाई असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेस्की बाँकीमा वर्गीकरण गरिएको छ । पेस्की अन्तर्गत कर्मचारी पेस्की, मोबिलाइजेसन पेस्की, प्रतीतपत्र पेस्की र संस्थागत पेस्कीमा वर्गीकरण रहेको छ । यो वर्ष संघीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रु.१ खर्ब ४ अर्ब ३९ करोड बेरुजू औंल्याइएको छ । बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

| वर्गीकरण | सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति र अन्य संस्था | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. असुल गर्नुपर्ने | २०२९२१ | ६३६४ | ५४७४९ | ७४६१ | २७१४९५ | २६.०१ |
| २. नियमित गर्नुपर्ने | १८२७०२ | ४८३२५ | २८१७९९ | १०९८०८ | ६२२६३४ | ५९.६५ |
| • अनियमित भएको | ५६७९९ | २१०५६ | १०७५१८ | ६००२९ | २४५४०२ | २३.५१ |
| • प्रमाण कागजात पेस नभएको | १२५८४७ | २७२६९ | १७१६६५ | ४९७७३ | ३७४५५४ | ३५.८८ |
| • जिम्मेवारी नसारेको | ३९ | ० | २४४९ | ० | २४८८ | ०.२४ |
| • शोधभर्ना नलिएको | १७ | ० | १६७ | ६ | १९० | ०.०२ |
| ३. पेस्की | ५८२९७ | १०३०८ | ७१७९९ | ९३०९ | १४९७१४ | १४.३४ |
| • कर्मचारी पेस्की | ३४२ | ९३३ | २९२९६ | ६८६ | ३१२५८ | २.९९ |
| • मोबिलाइजेसन पेस्की | १२८०९ | ० | ० | ० | १२८०९ | १.२३ |
| • प्रतीतपत्र पेस्की | ० | ० | ० | ० | ० | ० |
| • अन्य पेस्की | ४५१४६ | ९३७५ | ४२५०३ | ८६२३ | १०५६४७ | १०.१२ |
| जम्मा बेरुजू | ४४३९२० | ६४९९७ | ४०८३४७ | १२६५७८ | १०४३८४२ | १०० |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

*द्रष्टव्यः संगठित संस्थाहरूको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

३. **अद्यावधिक बेरुजू -** संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ८५ करोड रहेको छ । गत वर्ष भन्दा बेरुजू ०.१३ प्रतिशतले बढेको छ ।

(रु.लाखमा)

| क्र. सं. | विवरण | गत वर्षसम्म | यस वर्ष थप र घट | अद्यावधिक बेरुजू | | |
|---|---|---|---|---|---|---|
| | | | | पेस्की | अन्य | जम्मा |
| १ | संघीय सरकारी कार्यालय | २७३५७९१ | -४१०४२० | ७४८८९२ | १५७६४७९ | २३२५३७१ |
| २ | प्रदेश सरकारी कार्यालय | ८३९२६ | ४०८६४ | ३५५७७ | ८९२१३ | १२४७९० |
| ३ | स्थानीय तह | ६९८१०९ | ३३२२६८ | १२३३४२ | ९०७०३५ | १०३०३७७ |
| ४ | अन्य संस्था र समिति (प्रदेश समेत) | ६६५३४७ | ४२६२० | ० | ७०७९६७ | ७०७९६७ |
| | जम्मा | ४१८३१७३ | ५३३२ | ९०७८११ | ३२८०६९४ | ४१८८५०५ |

१. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त राजस्व बक्यौता रु.२ खर्ब १५ अर्ब ५६ करोड ८७ लाख, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान रु.९ अर्ब १ करोड ३६ लाख तथा ऋण रकम रु.१२ अर्ब ७३ करोड ४३ लाख, सरकार जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज रु. २ अर्ब ५ करोड, लेखापरीक्षण बक्यौता रु.१८ अर्ब १९ करोड ३५ लाख समेत रु.२ खर्ब ५७ अर्ब ५६ करोड १ लाख समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रहेको छ । उक्त रकम गतवर्ष भन्दा ४.६५ प्रतिशत बढेको छ ।

(रु.लाखमा)

| क्र.सं. | विवरण | गतवर्षसम्म | यसवर्ष थप/घट | अद्यावधिक |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण बक्यौता | ४७४१२ | १३४५२३ | १८१९३५ |
| २ | राजस्व बक्यौता | १९७८४११ | १७७२७६ | २१५५६८७ |
| ३ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | १४९१६८ | -५९०३२ | ९०१३६ |
| ४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | २६५६८९ | -१३८३४६ | १२७३४३ |
| ५ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | २०५०० | ० | २०५०० |
| | जम्मा | २४६११८० | ११४४२१ | २५७५६०१ |

***द्रष्टव्यः*** *लेखापरीक्षण बक्यौता रु.१८ अर्ब १९ करोड ३५ लाख मध्ये रु.१४ अर्ब ४९ करोड २६ लाख कोभिड-१९ को कारण र रु.३ अर्ब ७० करोड ९ लाख स्रेस्ता पेश नगरेकोले बक्यौता रहेको छ ।*

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ८५ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु.६ खर्ब ६४ अर्ब

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल


४४ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम १.८१ प्रतिशतले बढेको छ । कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा सरकारी कार्यालयको लेखापरीक्षण बक्यौता र राजस्व बक्यौता वृद्धि हुने मुख्य कारण रहेका छन् ।

५. **तुलनात्मक बेरुजू स्थिति** - संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.करोडमा)

| प्रतिवेदन | अन्ठाउन्नौं, २०७८ | | | सन्ताउन्नौं, २०७७ | | | छपन्नौं, २०७५ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत |
| संघीय सरकारी कार्यालय | १५५५८१ | ४४३९ | २.८६ | १७५६०४ | ७१०६ | ४.०५ | २००८८४ | १०६३४ | ५.२९ |
| प्रदेश सरकारी कार्यालय | २३७४१ | ६५० | २.७४ | १८९२५ | ८२० | ४.३३ | २६२ | १९ | ७.२५ |
| स्थानीय तह | ८१५९९ | ४०८३ | ५.०० | ७४०६५ | ३८१३ | ५.१५ | ५७१५१ | २४१४ | ४.२२ |
| अन्य संस्था र समिति (प्रदेश समेत) | १६३५७ | १२६६ | ७.७४ | १३०६३ | १५६१ | ११.९५ | २५३७२ | १०३८ | ४.०९ |

लेखापरीक्षण अङ्कको तुलनामा सङ्घीय कार्यालय तर्फ बेरुजू गत वर्ष ४.०५ प्रतिशत रहेकोमा यो वर्ष २.८६ प्रतिशत, प्रदेश सरकारी कार्यालय तर्फ गत वर्ष ४.३३ प्रतशित रहेकोमा यो वर्ष २.७४ प्रतिशत, स्थानीय तहतर्फ गत वर्ष ५.१५ प्रतिशत रहेकोमा यो वर्ष ५ प्रतिशत र अन्य संस्था र समितितर्फ गत वर्ष ११.९५ प्रतिशत रहेकोमा यो वर्ष ७.७४ प्रतिशत रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले म्याद बाँकी रहेको मोविलाइजेशन पेस्कीलाई लगती बेरुजूमा समावेश नगर्ने भनी उल्लेख गरेकोले त्यस्तो मोविलाइजेशन पेस्की समावेश नगरेको कारणले बेरुजू घट्न गएको छ ।

६. **बेरुजू फस्यौंट** - यो वर्ष बेरुजू फस्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

| निकाय विवरण | संघीय सरकारी कार्यालय | संगठित संस्था, समित, अन्य संस्था (प्रदेश समेत) | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| विगतको बेरुजू | २७३५७९१ | ६६५३४७ | ८३९२६ | ६९८१०९ | ४१८३१७३ |
| समायोजनाबाट थप (घट) | ११ | ० | ० | -९४२ | -९३१ |

४

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| फस्यौंट तथा सम्परीक्षण | ८५४३५० | ८३९५९ | २४१३३ | ७५१३७ | १०३७५७९ |
| बाँकी | १८८१४५२ | ५८१३८८ | ५९७९३ | ६२२०३१ | ३१४४६६३ |
| चालु वर्षको लेखापरीक्षण बेरुजू | ४४३९२० | १२६५७८ | ६४९९७ | ४०८३४७ | १०४३८४२ |
| अद्यावधिक बाँकी बेरुजू | २३२५३७२ | ७०७९६६ | १२४७९० | १०३०३७७ | ४१८८५०५ |

यो वर्ष फस्यौंट तथा सम्परीक्षण भएको संघीय सरकारी कार्यालयको रु.८५ अर्ब ४३ करोड ५० लाखमध्ये भौतिक पूर्वाधार तथा यातायात रक्षा, शहरी विकास, स्वास्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्री परीषद् कार्यालय मातहतको बेरुजू रु.९० अर्ब २८ करोड १६ लाख रहेको छ । उक्त बेरुजू सम्परीक्षणको ३०.०७ प्रतिशत हिस्सा अर्थात् रु.२७ अर्ब १५ करोड ३ लाख मोबिलाइजेसन पेस्की रहेको छ । त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वतः फस्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फस्यौंट गर्न सम्बन्धित निकायहरूले पर्याप्त ध्यान दिएको देखिएन ।

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये सरकारी कार्यालयतर्फ लगत कट्टा भएको रू.१० करोड ८५ लाखमध्ये नियमित तथा मिनाहा भै रू.१० करोड ५६ लाख र असुल भै रू.२९ लाख र समिति तथा संस्थातर्फ रू.३ करोड ६ लाखसमेत रू.१३ करोड ९१ लाख फस्यौंट भएको जानकारी प्राप्त भएको छ ।

७. **लेखापरीक्षण प्रभाव** - घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औंल्याएपश्चात् असुल भई राज्यकोषमा २०७४।७५ मा रु.९ अर्ब ७० करोड ४ लाख, २०७५।७६ मा रु.७ अर्ब ४७ करोड ८० लाख र २०७६।७७ मा रु.६ अर्ब १६ करोड ६३ लाख असुल भएको छ ।

## प्रदेश सरकारतर्फ

८. **बेरुजू अङ्क** -प्रदेश सरकार मातहतका सरकारी कार्यालय को ७७।२०७६अन्य संस्था र समितितर्फको , लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(हजारमा.रु)

| प्रदेश | लेप गरिएको कार्यालय संख्या | लेखापरीक्षण रकम | कुल बेरुजू रकम | पेस्की बाहेक बेरुजू रकम | बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रदेश नं१ . | १८३ | ४४५७०३४० | १२६५१५६ | ११७५४४९ | २.८३ | २.६३ |
| प्रदेश नं२ . | १२९ | ३१९८६२२८ | १८०५९१८ | १४१५८८० | ५.६५ | ४.४३ |
| वागमती | १९१ | ५१०९०५८३ | ७२५२२९ | ६५५८४९ | १.४२ | १.२८ |
| गण्डकी | १५३ | ३०७४६९०७ | ६०४१०० | ४५८४०२ | १.९६ | १.४९ |
| लुम्बिनी | १८२ | ३९६४७८६५ | ९४७४८५ | ८७५८१४ | २.३९ | २.२१ |
| कर्णाली | १२८ | २३४३९५६० | ८३४७८१ | ६८६६३८ | ३५६. | २९३. |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | १२९ | २६७७७६१० | ५७५१५७ | ४३०१०१ | २१५. | १६१. |
| जम्मा | १०९५ | २४८२५९०९३ | ६७५७८२६ | ५६९८१३३ | २.७२ | २.२९ |

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू प्रदेश नं. २ को ५.६५ प्रतिशत र सबैभन्दा कम बेरुजू वागमती प्रदेशको १.४२ प्रतिशत रहेको छ ।

९. **अद्यावधिक बेरुजू-** प्रदेश सरकार मातहत सरकारी कार्यालय अन्य संस्था र समितितर्फको ,गत वर्षसम्मको बाँकी बेरुजू रु.८ अर्ब ६७ करोड २२लाख ७०हजार रहेकोमा सम्परीक्षणबाट रु.२ अर्ब ४३ करोड ८७ लाख ८७हजार फस्यौंट भई रु२३अर्ब ६. करोड ३४ लाख ८३ हजार बाँकी रहेको र यो वर्ष रु६. अर्ब७५ करोड ७८ लाख २६ हजार थप भई अद्यावधिक बेरुजू रु१२. अर्ब ९९ करोड १३ लाख ९ हजार रहेको छ । सो रकममा रु३ . अर्ब ६३ करोड ८८लाख ७३हजार पेस्की रहेको छ । यस सम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छ :

(हजारमा.रु)

| प्रदेश | गत सम्मको बाँकी | सम्परिक्षण | बाँकी | यो वर्षको थप | तेस्रो प्रतिवेदन सम्मको बाँकी | बेरुजू बाँकी मध्ये पेस्की |
|---|---|---|---|---|---|---|
| प्रदेश नं १ . | १६९६१२९ | ४४७०२९ | १२४९१०० | १२६५१५६ | २५१४२५६ | ७५१३१९ |
| प्रदेश नं २ . | १९९०००८ | १०६७०९ | १८८३२९९ | १८०५९१८ | ३६८९२१७ | ९८५४६२ |
| वागमती | ९८८२८७ | ३२८४३२ | ६५९८५५ | ७२५२२९ | १३८५०८४ | २७८५०७ |
| गण्डकी | १६४४८१६ | ७०९१७९ | ९३५६३७ | ६०४१०० | १५३९७३७ | ६७१०३२ |
| लुम्बिनी | ९४७३४२ | ५७३६७१ | ३७३६७१ | ९४७४८५ | १३२११५६ | २०८४२६ |
| कर्णाली | ५१७१७० | ४०४०२ | ४७६७६८ | ८३४७८१ | १३११५४९ | ३७७४५६ |
| सुदूरपश्चिम | ८८८५१८ | २३३३६५ | ६५५१५३ | ५७५१५७ | १२३०३१० | ३६६६७१ |
| जम्मा | ८६७२२७० | २४३८७८७ | ६२३३४८३ | ६७५७८२६ | १२९९१३०९ | ३६३८८७३ |

## स्थानीय तहतर्फ

१०. **लेखापरीक्षण तथा बेरुजू -** देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको देहाय अनुसार रु.८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

*(रु(लाखमा.*

| प्रदेश नं. | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १३३ | १६१४१८० | ५१२४८ | ६५२६ | ३.१७ | २.७७ |
| २ | १३१ | १४०४९१४ | १४४३४२ | २९९३२ | १०.२७ | ८.१४ |
| बागमती | ९८ | १५३९८०६ | ७३२७५ | ९४३५ | ४.७६ | ४.१५ |
| गण्डकी | ८५ | ९३४६१४ | २५९८४ | ३७९७ | २.७८ | २.३७ |
| लुम्बिनी | ९५ | ११६३६०९ | ३७६६१ | ४६४० | ३.२४ | २.८४ |
| कर्णाली | ७३ | ६५३७६० | ३२६९१ | ५४९३ | ५.०० | ४.१७ |
| सुदूरपश्चिम | ७९ | ८२८६६२ | ३७२१२ | १०६७८ | ४.४९ | ३.२० |

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ६९४ | ८१३९५४५ | ४०२४१२ | ७०५०१ | ४.९४ | ४.०८ |

११. **स्थानीय तहगत विवरण** - देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको देहाय अनुसार रु.८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु(लाखमा.

| स्थानीय | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| महानगरपालिका | ६ | ६२८७५५ | ४६३८३ | ४३९७ | ७.३८ | ६.६८ |
| उपमहानगरपालिका | ११ | ३७७४०६ | १५२३१ | २६२३ | ४.०४ | ३.३४ |
| नगरपालिका | २६० | ३७५९४५४ | १८९६५८ | ४०५६८ | ५.०४ | ३.९७ |
| गाउँपालिका | ४१७ | ३३७३९३० | १५११४० | २२९१३ | ४.४८ | ३.८० |
| जम्मा | ६९४ | ८१३९५४५ | ४०२४१२ | ७०५०१ | ४.९४ | ४.०८ |

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको रु.८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट रु.४६ अर्ब १२ करोड २१ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ अर्ब ८८ करोड ९ लाख फछ्र्यौट गरेकोले रु.४० अर्ब २४ करोड १२ लाख फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ अर्ब ४४ करोड २९ लाख, नियमित गर्नुपर्ने रु.२७ अर्ब ७४ करोड ८२ लाख र पेस्की रु.७ अर्ब ५ करोड १लाख बाँकी छ। त्यसैगरी ५ स्थानीय तहको २०७५।७६ को रु.३ अर्ब १० करोड ६१ लाखको लेखापरीक्षणबाट रु.५९ करोड ३४ लाख बेरुजू देखिएको छ ।

१२. **महानगरपालिका** - महानगरपालिकाहरूको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

(रु.लाखमा)

| सि.नं. | महानगरपालिका | लेखापरीक्षण रकम | यो वर्षको बेरुजू | बेरुजूमध्ये पेस्की रकम | हालसम्मको बाँकी बेरुजू | यो वर्षको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विराटनगर | १३४८८७ | ४६०३ | ८४९ | ११६७८ | ३.४१ |
| २ | वीरगंज | ९१६०६ | ७५६७ | ५६३ | १९२३४ | ८.२६ |
| ३ | ललितपुर | ९३१६४ | ६७३० | १७४५ | १६९३८ | ७.२२ |
| ४ | भरतपुर | ५०३४२ | १०१५ | ४२० | १०५३४ | २.०२ |
| ५ | काठमाडौं | १६३६३२ | १९४१२ | ६२७ | ४४८४२ | ११.८६ |
| ६ | पोखरा | ९५१२५ | ७०५७ | १९३ | १९७१५ | ७.४२ |
| | जम्मा | ६२८७५६ | ४६३८४ | ४३९७ | १२२९४१ | ७.३८ |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

१३. **उपमहानगरपालिका** - उप-महानगरपालिकाहरूको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

.रु) लाखमा (

| सि.नं. | उपमहानरपालिका | लेखापरीक्षण रकम | यो वर्षको बेरुजू | बेरुजूमध्ये पेस्की रकम | हालसम्मको बाँकी बेरुजू | यो वर्षको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | धरान | ३६८७५ | १२२७ | ४२ | २९१७ | ३.३३ |
| २ | ईटहरी | ३३९८३ | १११४ | ६१ | ४९०६ | ३.२८ |
| ३ | जनकपुर | २७८३६ | ३५५७ | ४५७ | ८०७९ | १२.७८ |
| ४ | कलैया | २१०३२ | १०१० | ३५४ | २७८० | ४.८० |
| ५ | जीतपुर सिमरा | २१९५३ | १७९३ | ७७४ | ३६१० | ८.१७ |
| ६ | हेटौडा | ३८९५८ | १७०६ | ७६५ | ३१४१ | ४.३८ |
| ७ | घोराही | ३९५२५ | १११२ | ६ | ३०९७ | २.८१ |
| ८ | तुल्सीपुर | ३६७१९ | १३७० | १५ | ३३६८ | ३.७३ |
| ९ | नेपालगञ्ज | ४३५५९ | ६९३ | १०७ | ५४४५ | १.५९ |
| १० | बुटवल | ४००७७ | ६२६ | ३५ | ६७५ | १.५६ |
| ११ | धनगढी | ३६८८९ | १०२२ | ६ | २५१७ | २.७७ |
| | जम्मा | ३७७४०६ | १५२३० | २६२२ | ४०५३५ | ४.०४ |

१४. **नगरपालिका** - यो वर्ष लेखापरीक्षण गरिएका २६० नगरपालिकाको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छः

(रु(लाखमा.

| प्रदेश | नगरपालिका संख्या | लेखापरीक्षण रकम | बेरुजू रकम | बेरुजूमध्ये पेस्की | बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ४५ | ७०९०८५ | २०६४६ | २९५३ | २.९१ | २.५० |
| २ | ७१ | ८५४६७५ | ८७१५३ | १८२४९ | १०.२० | ८.०६ |
| बागमती | ३७ | ६९९८४२ | २३३४२ | ३९४६ | ३.३४ | २.७७ |
| गण्डकी | २६ | ३९५०५४ | ९६३२ | २३३४ | २.४४ | १.८५ |
| लुम्बिनी | २७ | ४०७५९१ | १३६९२ | २२४४ | ३.३६ | २.८१ |
| कर्णाली | २३ | २८११६७ | १३७७७ | २७८६ | ४.९० | ३.९१ |
| सुदूरपश्चिम | ३१ | ४१२०४० | २१४१५ | ८०५६ | ५.२० | ३.२४ |
| जम्मा | २६० | ३७५९४५४ | १८९६५७ | ४०५६८ | ५.०५ | ३.९७ |

१५. **गाउँपालिका-** देशभरका ४६० गाउँपालिकाहरू मध्ये यस वर्ष लेखापरीक्षण भएको ४१७ को लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ :

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

(रु.लाखमा)

| प्रदेश | लेखापरीक्षण गरिएको गाउँपालिका | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजू रकम | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ८५ | ६९९३५१ | २३६५९ | २६२१ | ३.३८ | ३.०१ |
| २ | ५६ | ३८७८१२ | ४३२६१ | ९५३६ | ११.१६ | ८.७० |
| बागमती | ५७ | ४९३८६७ | २१०६९ | १९३१ | ४.२७ | ३.८८ |
| गण्डकी | ५८ | ४४४४३६ | ९२९५ | १२७० | २.०९ | १.८१ |
| लुम्बिनी | ६४ | ५९६१३८ | २०१६७ | २२३४ | ३.३८ | ३.०१ |
| कर्णाली | ५० | ३७२५९३ | १८९१४ | २७०६ | ५.०८ | ४.३५ |
| सुदूरपश्चिम | ४७ | ३७९७३२ | १४७७५ | २६१६ | ३.८९ | ३.२० |
| जम्मा | ४१७ | ३३७३९२९ | १५११४० | २२९१४ | ४.४८ | ३.८० |

## ३. महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

### बजेट र योजना कार्यान्वयन

- पूर्वतयारी वेगरका आयोजनाहरु बजेटमा समावेश गरेको,
- आयोजनाको प्राथमिकीकरण गरी आयोजना बैङ्क बनाउने कार्य प्रभावकारी नभएको,
- आयोजना सञ्चालनमा अन्तर सरकार र निकायबीच समन्वयको अभाव कायमै रहेको,
- बजेटमा समावेश नगरी वैदेशिक सहायता प्राप्त गरेको, सहायताको न्यून उपयोग भएको,
- आयोजनाहरु समयमै सपन्न नभई अधुरो रहने एवं समय र लागतमा वृद्धि हुने गरेको,
- कानुनले तोकेको सिमा नाघी रकमान्तर गरेको,
- सोधभर्ना लिनु पर्ने रकममा वृद्धि भएको,वर्षान्तमा अधिक खर्च गर्ने प्रवृत्तिले निरन्तरता पाएको,
- चालु खर्चको अनुपात बढीरहेको, पुँजीगत खर्च अपेक्षित रुपमा नभएको,
- राष्ट्रिय अनुदान नीति नभएको एवं अनुदान उपयोगको अनुगमन कमजोर रहेको
- निर्माण क्षमताको विश्लेषण नभएको,
- परामर्शदाताप्रतिको अधिक निर्भरताले आयोजनाको दिगो सञ्चालनमा असर परेको,
- उपभोक्ता समितिबाट जटिल तथा प्राविधिक काम गराएको,
- स्थानीय तहमा योजना तर्जमा प्रक्रिया व्यवस्थित नभएको

### राजस्व प्रशासन

- कराधार संरक्षण एवं दायरा विस्तारमा पर्याप्त ध्यान नपुगेको
- कर परिपालना कमजोर रहेको, करदाताले यथार्थ कारोवार नदेखाएको,
- उद्योगहरुको उत्पादनको जर्ति सम्बन्धी भरपर्दो मापदण्ड निर्धारण नभएको,
- विवरण पेस नगर्ने करदाता र मूल्य अभिवृद्धि कर क्रेडिट रकम उच्च रहेको,
- फरक भन्सार दरबन्दी प्रयोगले महसुल कम उठने गरेको,
- भन्सार तथा बजारमा न्यून बीजकीकरणको समस्या यथावत रहेको,
- राजस्व बक्यौतामा निरन्तर वृद्धि एवं बक्यौता हिसाब अभिलेख व्यवस्थित नभएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- विद्युतीय कारोबारलाई करको दायरामा नल्याएको,

### सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक तथा व्यवस्थित नरहेको,
- सरकारी सम्पत्ति अतिक्रमणलाई नियन्त्रण गर्न नसकेको,
- सम्पत्तिको उपयोग गरी प्रतिफल प्राप्त गर्न नसकेको,
- ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पत्तिको संरक्षण गर्न नसकेको,
- सम्पत्ति उपयोगमा दिने प्रक्रियालाई प्रतिस्पर्धात्मक तथा पारदर्शी नवनाएको ।

### संस्थान सञ्चालन तथा व्यवस्थापन

- सञ्चालक र कर्मचारीमा व्यावसायिकताको कमीले लगानीमा न्युन प्रतिफल,
- सम्पत्ति, सेयर तथा ऋण लगानीको हिसाब अद्यावधिक र यथार्थपरक नरहेको,
- समय र लागतको विश्लेषण गरी वस्तु तथा सेवाको मूल्य निर्धारण नगरेको,
- सम्पत्ति व्यवस्थापनमा समस्या रहेको, अनुत्पादक खर्च नियन्त्रण नभएको,
- निजीकत संस्थाहरु सम्झौताअनरुप सञ्चालन हन नसकेको,

### लेखाङ्कन प्रतिवेदन र आन्तरिक नियन्त्रण

- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- कार्यसम्पादन सम्झौताको कार्यान्वयन तथा अनुगमन प्रभावकारी नभएको,
- तीन तहका सरकार बीच वित्तीय हस्तान्तरणबाट आम्दानी र खर्चमा हुनसक्ने दोहोरोपना हटाउने व्यवस्थाको अभाव रहेको,
- नेपाल वित्तीय प्रतिवेदन मान पुर्णरुपमा कार्यान्वयन नभएको,
- कम्प्युटरमा आधारित लेखाप्रणाली पुर्णरुपमा लागू भइन सकेको,
- उद्देश्यअनुरुप कोष सञ्चालन नभई ठूलो रकम निष्कृयरुपमा मौज्दातमा रहेको,
- वित्तीय जवाफदेहिता मूल्यांकन गर्ने मापदण्ड नरहेको ।

### लेखापरीक्षण र नियमन

- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको
- कतिपय सार्वजनिक संस्थान र स्थानीय तहले लेखापरीक्षण नगराएकोले वित्तीय जवाफदेहिता कमजोर रहेको
- नियामक निकायको भूमिका प्रभावकारी नभएको
- नियामक निकायको निर्देशनको पालना नभएको
- अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिसँग आवद्ध गर्न बाँकी रहेको
- लेखापरीक्षण र बेरुजू फर्स्यौट नगराउने पदाधिकारीलाइ कारबाही नहुँदा जिम्मेवारी र जवाफदेहिता कमजोर हुन पुगेको,

### वित्तीय संघीयता कार्यान्वयन

- बजेट संघीय अनुदानमा निर्भर रहेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रम सञ्चालन,
- सञ्चित कोषको हिसाब तयार नगरेको, अबण्डा बजेट राखी खर्च गरेको,
- स्थानीयले प्रदेशमा चौमासिक आय-व्ययको प्रतिवेदन पेस नगरेको,
- लेखापरीक्षण बेरुजू फर्स्यौटमा स्वार्थ बाझिने व्यवहार रहेको,
- प्रशासनिक खर्च अत्यधिक रहेको, कार्यक्रममा दोहोरोपना रहेको
- सुविधा सम्बन्धी मापदण्ड नहुँदा पदाधिकारी लगायत कर्मचारी सुविधा केन्द्रित भएको
- दिगो विकास लक्ष्य र मध्यकालिन खर्च संरचना अनुरुप कार्यक्रम तर्जुमा नगरेको,
- संघीय कानूनसंग प्रदेश कानूनको सामाञ्जस्यता नभएको,
- अनुदानलाई बढावा दिएको तर अनुगमन कमजोर रहेको,
- साझा अधिकार अन्तर्गत संकलित राजस्व परिचालनमा प्राथमिकता नदिएको,
- चौमासिकरुपमा स्थानिय तहको समेत आय-व्ययको प्रतिवेदन संघमा

### सार्वजनिक सेवा प्रवाह

- दरबन्दी अनुसार पदपूर्ति नभएको, मध्यस्थमार्फत सेवा लिनु परेको,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रभावकारी उपयोग नभएको,
- उपकरण र जनशक्तिको कमीले स्वास्थ्य सेवा प्रवाहमा असर परेको,
- लाभान्वित वर्गको पहिचान प्रणाली प्रभावकारी नभएको,
- सेवाको नियमन, अनुगमन सन्तोषजनक नभएको,
- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन नसकेको,
- प्रदूषणबाट जनस्वास्थ्यमा असर परेको,
- सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन र अनुगमन प्रभावकारी नभएको,
- सेवा लागत र गुणस्तर मूल्याङ्कन हुने नगरेको ।